का.जि.प्र.का.द.नं. १००/०५९/६०

**५ पुस २०७९,**

**मंगलबार**

**20 December 2022,**

**Tuesday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्याकेजमा सत्ता साझेदारी !



दलहरु प्याकेजमै सत्ता साझेदारी गर्ने तयारीमा जुटेका छन् । यस्तो प्रस्ताव सत्ता गठबन्धन र एमाले नेतृत्वको विपक्षी गठबन्धनबाट भइरहेको छ । दुवैतिरको संवादमा छन् माओवादी र एकीकृत समाजवादीसहितका दलहरु ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

नेपाली कांग्रेस र नेकपा एमाले दुवैले नयाँ सरकार गठनको गृहकार्य अगाडि बढाएका छन् । दुवै दलले सरकार गठनको गृहकार्य गर्दा प्याकेजमै सत्ता साझेदारी गर्ने प्रस्ताव राखेका छन् । दुवैतिरको संवादमा छन्, नेकपा माओवादी र एकीकृत समाजवादी सहित दलहरु ।

सत्ता गठबन्धनको चाँडै बैठक बसेर प्रमुख पद बाँडफाँड गर्ने तयारीमा नेताहरु लागिपरेका छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सोमबार चितवन पुगेर गठबन्धनको बैठक बसेर प्रमुख पदहरूबारे प्याकेजमा सहमति गर्ने प्रयास भइरहेको बताएका थिए । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुख तत्काल टुंग्याउनुपर्ने भन्दै उनले सबैलाई प्याकेजमा टुंगो लगाउने समझदारी भएको बताए ।

एमाले सहित अन्य दलहरुसँग सबैको कुराकानी भइरहेको भन्दै प्रचण्डले नयाँ पार्टीहरुसँग पनि छलफल भइरहेको बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेसँग दुई तीन पटक कुरा भएको भन्दै प्रचण्डले जनमत पार्टीका अध्यक्ष सिके राउत र नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीसँग पनि भेट गरेको बताए ।

चुनावपछि गठबन्धन बाहिरका दलहरुसँग समेत कुराकानी भएको प्रचण्डले बताएका छन् । नेकपा एमालेसँग पनि कुराकानी भएको उनी बताउँछन् । तर, एमालेसँग पावर सेयरिङ गर्दै वाम सरकार बनाउने विषयमा एमालेसँग पनि औपचारिक र आधिकारिक रुपमा कुरा नभएको उनले बताए ।

उता, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि सोमबार आफ्नो पार्टीको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखमा प्याकेजमा सहमति गर्न लागेको 'ब्रिफिङ' गरेका थिए । पावर सेयरिङको विषयमा एमालेले पनि प्याकेज सहित माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टीसँग संवाद गरिरहेको स्वमं नेताहरु स्वीकार गर्छन् ।

# प्रदेशप्रति बढ्दो बितृष्णा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

नेपालको संविधानमै संघीयताको व्यवस्था गरिएपनि पछिल्ला दिनमा भने यसप्रतिको वितृष्णा चुलिन थालेको छ । तीन तहका सरकार बन्दा झनै खर्च बढेको तर उपलब्धि शुन्य जस्तै देखिन थालेको भन्दै खारेजीको आवाज उठ्न थालेको छ । रवि लामिछानेको नेतृत्वमा गठन भएको नेपाल स्वतन्त्र पार्टीले मात्रै होईन संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेको नेकपा एमालेले समेत संघीयता खारेजीको पक्षमा आवाज उठाउँदै आएको छ ।

'यति अस्थिर संविधान बनाउने अहिलेकै मुख्य पार्टीहरू हुन् । कसैको बहुमत नै आउन नसक्ने कुरा पनि मान्ने हो ? कि एकल प्रणालीमा जाऊँ । ६ महिनामा १२ प्रतिशत पुँजीगत खर्च गर्नसक्ने, २८ प्रतिशत साधारण खर्च गरेर रमाउने, विकासको परिभाषा गर्ने, अनि देश पनि बनाउँछु भनेर गफ दिनेहरू यसमा सोच्न तयार छन् त ? अबको विकल्प संघीयता खोरेजी हो,' नेकपा एमालेका नेता गोकुल बाँस्कोटाले भने । उनले समानुपातिक प्रणाली र प्रदेश सरकार खारेज हुनुपर्नेमा जोड दिदैँ आएका छन् ।

तत्कालीन माओवादीले राज्यको पुनर्संरचनाको विषय उठाए पनि मधेसवादी संगठन बाहेक तत्कालीन ठूला पार्टी नेपाली कांग्रेस, एमाले र माओवादी समेत भित्री रूपमा संघीयताका पक्षमा भने देखिएका थिएनन् । अझ, जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी त पटकपटक देशले संघीयता थेग्न नसक्ने भन्दै आवाज उठाउँदै आएका थिए ।

संघीयताको मर्मविपरीत प्रदेशहरूले अनावश्यक खरिद र संरचना निर्माण गर्ने होडबाजी गर्दा जनताले प्रत्यक्ष अनुभूति गर्ने भन्दा बढी सस्तो लोकप्रियता देखाउने काममा

– बाँकी पृष्ठ २ मा



# 'आलोपालो प्रधानमन्त्रीको सहमति भएकै हो'

माओवादीले प्रधानमन्त्रीमा दाबी गर्दै आएको छ । सोमबार चितवनमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले भने, 'गठबन्धन गर्दा आलोपालो गर्ने कुरा भएकै हो, अहिले पनि यो समझदारी छ ।'

तथापि, समझदारीबाट जिम्मेवारी आयो भने नेतृत्व लिने भन्दै उनले थपे, 'समझदारीबाट अरुनै हुन पनि सक्छ ।'

गठबन्धनभित्रैबाट प्रधानमन्त्री बन्ने भन्दै उनले गठबन्धन बसेर त्यहींबाट टुंगो लाग्ने पनि बताए । आफूहरु गठबन्धनमा भएको भन्दै उनले गठबन्धन कायम रहने बताए । अगाडि भने, 'मैले प्रधानमन्त्रीका निम्ति सबै चिज दाउमा लगाउने काम कहिल्यै पनि गरेको छैन ।' आफूले गठबन्धनबाट देशको नेतृत्व गर्ने अवसर पाए जिम्मेवारी लिने कुरा मात्रै गरेको उनको भनाइ छ । उनले भने, 'तपाईहरुले सुने जस्तो गठबन्धनभित्र कुनै कुरा भएको छैन ।' निर्वाचनपछि सबै दलहरुका बीचमा छलफल भने भइरहेको उनले बताए । अध्यक्ष प्रचण्डले दोहोऱ्याउँदै भनेका छन्, 'आफैं प्रधानमन्त्रीको रेसमा कुद्ने काम गरेको छैन् । 'जिम्मेवारी आयो भने लिने काम हुन्छ ।'

विसं २०७४ को स्थानीय तहको निर्वाचन भन्दा पालिकामा माओवादीले बढी जितेको भन्दै अध्यक्ष प्रचण्डले प्रदेशमा विगतकै हाराहारीमा रहेको बताए । समानुपातिकमा केही घटेको तर नेकपा एमाले र नेपाली कांग्रेसको तुलनामा कम घटेको उनले बताए ।



# 'राष्ट्रपति पदमा बटमलाइन'

नेकपा एकीकृत समाजवादीले राष्ट्रपति पदलाई बटमलाइन बनाउने भएको छ । एकीकृत समाजवादीका अध्यक्ष नेपालले भनेका छन्, 'ठूलो दलको हैसियतले कांग्रेसले प्रधानमन्त्री र माओवादीले सभामुख र उपराष्ट्रपति लिन सक्छ । यद्यपि राष्ट्रपतिमा समेत उनीहरुले बार्गेनिङ गर्न सक्छन् तर, हाम्रो दरो अडान आवश्यक छ ।' एकातिर, प्रधानमन्त्री र राष्ट्रपति दुवै कांग्रेसले नछोड्ने प्रचार भइरहेको छ । माओवादी केन्द्रले प्रधानमन्त्री नछोड्ने पनि भनेको छ । यो दुवै अडानलाई एकअर्कालाई दवावमा राख्ने नीति भएको हुन सक्ने नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपाल नेपालको बुझाई छ ।

अर्थात, सत्ता गठबन्भनभित्रको पावर सेयरङमा नेकपा एकीकृत समाजवादीले राष्ट्रपति पाउनुपर्ने दाबी गरेको छ । अध्यक्ष नेपालले आफ्नै पार्टीका कारण ओली सत्ताच्युत भएकोदेखि देउवा प्रधानमन्त्री भएको भन्दै आफ्नो पार्टी संख्यात्मक रुपमा सानो भएपनि राजनीतिक रुपमा ठूलो अर्थ लाग्ने भएकाले आफूहरूलाई कांग्रेस र माओवादीले अण्डर स्टिमेट गर्न नसक्ने बताएका थिए । 'संख्यात्मक रुपमा हामी थोरै भए पनि राजनीतिक रुपमा हाम्रो भुमिका धेरै महत्वपूर्ण छ', नेता नेपालले भने, 'शक्ति बाँडफाँटमा पनि हाम्रो सम्मानजनक हैसियत हुन जरुरी छ ।' राष्ट्रपति पदलाई बटमलाइन बनाउने निष्कर्षमा पुगेको एकीकृत समाजवादीले कसलाई राष्ट्रपतिको उम्मेदवार बनाउने भन्ने निर्णय गरिसकेको छैन ।

# सरकार गठन अगावै सांसदको शपथ



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

प्रतिनिधि सभाका सांसदहरुको शपथ पुस ७ गते हुने भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ सरकार गठनको आह्वान गरिसकेकी छन् ।
सरकार गठनका लागि पुस ७ गतेसम्मको समय दिइएको छ । तर, त्यस अगावै नयाँ सांसदहरूको शपथ पुस ७ गते हुने भएको छ ।

प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीका अनुसार पुस ७ गते १ बजे सपथको समय तोकिएको हो । संसदको ज्येष्ठ सदस्यले २७४ सांसदहरुलाई सपथ गराउनेगरी तयारी भएको संसद सचिवालयले जनाएको छ । नयाँ सांसदहरुको सपथ हालको संसद भवन रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा गराइनेछ ।

संघीय संसदका महासचिव भरतराज गौत्तमका अनुसार मातृभाषामा शपथ लिने सांसदहरुले ३ दिन अगावै सूचना दिनुपर्ने हुन्छ । यहीसूचना दिने समय राखेर

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संघको चुनावी रस्साकस्सीमा उम्मेदवारहरुको ओइरो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारण सभा र निर्वाचन पुस ८ गते नै गर्ने तयारी भएको छ । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा आवद्ध केही व्यवसायीहरुले केही समयका लागि संघको साधारण सभा र निर्वाचन सार्नुपर्ने माग गरेको भएपनि निर्वाचन समितिले सोमबारदेखि निर्वाचन कार्यक्रम प्रकाशित गरी पुस ८ गते नै निर्वाचन गर्ने तयारी गरेको छ ।

आइतबार साधारण सभा र निर्वाचनको विषयमा कानूनी सल्लाहकार तथा संघलाई छाता संस्था मान्ने राजनीतिक, जातीय तथा भेगीय संस्थाका प्रतिनिधिहरुसँगको छलफलमा पुस ८ गते नै साधारण सभा र नयाँ कार्यसमितिको निर्वाचन गर्ने निष्कर्ष निकालेको थियो । हाल ८ सय ७७ व्यवसायी रहेपनि मंसिर २९ गतेसम्म ३ सय ७९ म्यानपावर कम्पनीले मात्रै प्रतिनिधि पठाएका छन् । निर्वाचन समितिले मंगलबार उक्त सूची नामावलीका रुपमा सार्वजनिक गर्ने बताएको छ ।

तोकिएको समयमा निर्वाचन गर्ने वा सार्ने विषयमा व्यवसायीका आ-आफ्ना तर्क र अडान रहेपनि संघको निर्वाचनका लागि उम्मेदवार छनोटको आन्तरिक गृहकार्य भने भइरहेको छ । एशोसिएसनले सोमबार पार्टीका प्रतिनिधि नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्व श्रममन्त्री रमेश लेखकको उपस्थितिमा संघको निर्वाचनको उम्मेदवारी र अन्य संगठनसँगको तालमेलबारे छलफल गरेको छ । आम वैदेशिक रोजगार व्यवसायीको सहभागितालाई सुनिश्चित गरेर नेतृत्वको चुनावमा जान केही समय संघको निर्वाचनको मिति सार्नु उपयुक्तत हुने विषयमा छलफल केन्द्रित भएको सहभागी एक व्यवसायीले बताएका छन् ।

संघको आगामी निर्वाचनका लागि एशासिएसनको तर्फबाट एशोसिएन अध्यक्ष कुमुद खनाल, निवर्तमान प्रथम उपाध्यक्ष कमलदेव मल्ल, पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठले आ-आफ्नो पक्षमा लविङ गरिरहेका छन् । त्यसमा अध्यक्ष खनाल र पूर्व द्वितीय उपाध्यक्ष गुरुङले आफ्नोतर्फबाट जोडबल गरिरहेको बताइएको छ । अध्यक्ष टुंगो लागे पछि अध्यक्षका आकांक्षीहरुलाई व्यवस्थापन गर्दै अन्य पदाधिकारीमा उम्मेदवार बनाउने सोच बनेको बताइएको छ ।

एशोसिएसनका तर्फबाट किशोर केसी प्रथम उपाध्यक्ष, भवानी निरौला, मेघनाथ भुर्तेलले महासचिव र सचिवमा कर्ण कटुवाल लगायतले दाबी गरिरहेको बताइएको छ । केही व्यवसायी निर्वाचन हुने सुनिश्चित भए मात्रै उम्मेदवारी दिने योजना बनाएर बसेको बताइएको छ ।

उता प्रगतिशील मञ्चले सबैलाई मिलाउने प्रयास गरिरहेको

– बाँकी पृष्ठ २ मा

## व्यास नगरपालिकामा श्रम तथा रोजगार शाखा

**डुम्रे/रासस–** तनहुँको व्यास नगरपालिकाले श्रम तथा रोजगार शाखा स्थापना गर्ने भएको छ । नगरपालिकाले पहिलोपटक वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई लक्षित गरी शाखा विस्तार गर्ने तयारी गरेको छ ।

आप्रवासन अवसर र चुनौती दुबै रहेकाले नीतिद्वारा आप्रवासनको सुरक्षा गर्ने उद्देश्यले शाखा स्थापना गरी सहयोग पुर्याउन लागिएको हो । वैदेशिक रोजगारीमा जाने नेपालका जिल्लामध्ये १८औं नम्बरमा तनहुँ पर्दछ ।

व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२२ को अवसरमा आइतबार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिसँगको अन्तक्रिया कार्यक्रममा व्यासमा श्रम र रोजगारसम्बन्धी शाखा स्थापना गरिने जानकारी दिए । आगामी नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउने गरी तयारी भएको उनले बताए ।

'अब हुने नगरसभाबाट पारित गरी व्यास नगरपालिकामा श्रम तथा रोजगार शाखा स्थापना गरिनेछ । वैदेशिक रोजगारसम्बन्धी जोडिएका श्रम र रोजगारसँग सम्बन्धित

– बाँकी पृष्ठ २ मा

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण सम्बन्धमा ।**

नेपाल वैदेशिक रोजगार ब्यवसायी संघको मिति २०७९/०९/०८ गते सम्पन्न गर्ने भेनिएको साधारण सभा सहितको निर्वाचनमा करिब ५५% (पच्पन्न प्रतिशत) ब्यवसायीहरूलाई निर्वाचनमा प्रतिनिधित्व गराउन वञ्चित गरी निर्णय गरिएको उक्त मितिको चुनावमा यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन सहभागी हुनुको कुनै औचित्य नरहने ठहर गर्दै, छुटेका मध्ये अधिक प्रतिनिधि समावेश गरी चुनाव गराउन नेपाल वैदेशिक रोजगार संघलाई ध्यान आकर्षण गराई यथा सिघ्र अधिक ब्यबसायीहरू लाई प्रतिनिधित्व गराई चुनावमा जान नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन आग्रह गर्दछ ।

धन्यवाद, जय नेपाल ।

**कुमुद खनाल**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
ईमेल: ndfeefforum@gmail.com

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि

**तालिम खुल्यो**

**कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन**

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर,** बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
५ पुस २०७९, मंगलबार
20 December 2022, Tuesday

# संसदीय दलको नेता बन्न संघर्षरत कर्णालीका नेता

युवराज पंगाली/मध्यान्ह
सुर्खेत, ४ पुस

आम निर्वाचनको प्रत्यक्ष र समानुपातिकको नतिजा सार्वजनिक भएसँगै कर्णालीमा दलको नेता बन्ने होडबाजी शुरु भएको छ। नेताहरु संसदीय दलको नेता बन्न दौडधुपमा व्यस्त रहेका छन्।

राष्ट्रपतिले सरकार गठनका लागि समय सिमा दिएसँगै केन्द्रदेखि प्रदेशसम्म सरकार गठनका लागि तयारी शुरु भएको छ। कर्णाली प्रदेशमा अहिले नेताहरु संसदीय दलको नेता बन्न नेतृत्व र दलको चुनावमा सहभागी हुने सांसदहरुलाई फकाउन थालेको देखिन्छ।

२०७९ को आम निर्वाचनमा कर्णालीमा पाँच दलले प्रतिनिधित्व गरेका छन्, भने तीन दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एमालेले ससदीय दल गठन गर्नुपर्ने छ।

नेता चयनको प्रक्रिया सम्बन्धित संसदीय दलको विधानबमोजिम हुनेछ। दलको नेता चयन गर्दा ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्ने, सर्वसम्मत नभए निर्वाचनबाट टुंगो लगाउने प्रचलन रहि आएको छ। जस अन्तर्गत २०७४ को निर्वाचन पश्चात कर्णाली प्रदेश सभाको पहिलो बैठकको अध्यक्षता ज्येष्ठ सदस्य रहेका दैलेखका हिम बहादुर शाहीले गरेका थिए।

४० सदस्यीय रहेको कर्णाली प्रदेशसभामा नेपाली कांग्रेस १४, नेकपा माओवादी केन्द्रले १३, नेकपा एमालेले १० र नेकपा एकीकृत समाजवादी, राप्रपा र स्वतन्त्रले १/१ सांसद सिट हात पारेका छन्। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ प्रदेशसभामा कम्तीमा दुई सिट जितेका दलले नेता चयन गर्ने संवैधानिक व्यवस्था रहेको छ। जस अन्तर्गत तीन दलले संसदीय दल गठन गर्नेछन्। चुनाव प्रचारप्रसारका बेलादेखि नै मुख्यमन्त्रीका रुपमा चर्चा गरिएका नेताहरु थिए। कांग्रेसबाट हुम्लाका जीवन बहादुर शाही र जाजरकोटका राजीव विक्रम शाह, नेकपा एमालेबाट सुर्खेतका यामलाल कँडेल र दैलेखका विनोद कुमार शाह र




नेकपा माओवादीबाट सुर्खेतका विन्दमान विष्ट र रुकुम पश्चिमका राजकुमार शर्मा रहेका छन्। रुकुम पश्चिमका राजकुमार शर्मा रुकुम पश्चिमका निवर्तमान जिल्ला समन्वय समितिको संयोजक र पार्टीको पूर्व प्रदेश कमिटी अध्यक्ष समेत भइसकेका व्यक्ति हुन्। यता विष्ट सुर्खेत निर्वाचन क्षेत्र नम्बर २ प्रदेश सभा 'ख' बाट निवर्तमान सांसद र कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री भइसकेका व्यक्ती हुन्। विष्ट शक्ति बस्नेत निकटका नेता मानिन्छन्। कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री महेन्द्र बहादुर शाही संघमा उम्मेदवारी दिए पश्चात शर्मा र विष्टले मुख्यमन्त्रीमा दावी गरिरहेका थिए।

यस्तै नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा कर्णाली प्रदेशका इन्चार्ज समेत रहेका यामलाल कँडेलले कर्णालीको संसदीय दलको नेता बन्ने विषयमा पार्टीले निर्णय गर्ने बताउँदै अहिलेनै यस विषयमा प्रतिक्रिया दिन नमिल्ने बताए। प्रदेश अध्यक्ष समेत रहेका विनोद कुमार शाहले भने आफु पार्टीको प्रदेश अध्यक्ष भएका कारण इच्छा रहेको र पार्टीले जिम्मेवारी दिए दलको नेता बन्न तयार रहको प्रक्रिया दिए। पार्टीमा गरेको मेरो योगदानलाई गदर गर्ने कुरामा विश्वस्त रहेको उनको भनाई रहेको छ।

यता नेपाली काग्रेसबाट शाहले आफु मुख्यमन्त्री बन्ने दावी गरिरहँदा बहालवाला मुख्यमन्त्री जीवन बहादुर शाही पुनः मुख्यमन्त्रीमै दोहोरिने दाउँमा रहेका छन्। मुख्यमन्त्री शाहीले अहिले आफु मुख्यमन्त्री हुँदै गर्दा बाँकी रहेका काम पूरा गर्न र चुनावपछि पनि सरकारको नेतृत्व गरेर प्रदेशमा स्थायित्वको सन्देश दिन प्रदेशमा उम्मेदवार बनेको बताउँदै आएका छन्। उनी यसअघि हुम्ला जिल्ला विकास समितिको सभापति, पर्यटनमन्त्री र हुम्लाबाट तीन पटक सांसद भइसकेका छन्। बहालवाल मुख्यमन्त्री शाहीले केन्द्रका नेताहरूकै सल्लाहमा एक खालको सहमति भएर नै मुख्यमन्त्री बन्ने उद्देश्यसहित प्रदेशमा पुनः उम्मेदवार बनेको बताएका छन्। उनलाई कतिले मुख्यमन्त्री बन्नको लागि शुभकामना दिएका छन्, शाहिले पनि संसदीय दलको विषयमा पार्टीले नै निर्णय गर्ने हुँदा अहिले बोलन उपयुक्त नभएको प्रतिक्रिया दिए। बाहालवाला मुख्यमन्त्री समेत रहेका जीवन बहादुर शाहीले संसदीय दलको नेता आफु नै रहने दावी गरीरहँदा पूर्व संविधानसभा सदस्य समेत रहेका राजीव विक्रम शाहले पनि संसदीय दलमा आफ्नो दावी प्रस्तुत गर्दै आइरहेका छन्। कतिले राजीव विक्रम शाहलाई मुख्यमन्त्री बनाउन जोड गरेका छन्।

यस्तै जाजरकोट प्रदेशसभा 'ख' बाट निर्वाचित बनेका शाहले पनि आफु मुख्यमन्त्री बनि नयाँ विकासका कामलाई तीव्रता दिने बताएका छन्। शाहले अहिलेको जनताले परिवर्तन चाहेको हुँदा त्यसलाई आफुले सजिलै परिवर्तन गर्ने बताएका छन्। शाहले आफु जनताका समस्याका साथै नयाँ भिजन बोकेर कर्णाली प्रदेशलाई सहयोग गर्ने उद्देश्यले आएको बताउँछन्। शाहले समयको माग अनुसार संसदीय दलमा मेरो उम्मेदवारी रहने र कर्णालीको नेतृत्व लिने सोचका साथ तयारी गरिरहेको जानकारी दिए।

अहिले पुस्तान्त्रणको कुरा आइरहँदा कर्णालीको कांग्रेसमा पनि पुस्ता हस्तान्त्रण हुनुपर्ने उनको भनाई रहेको छ। यस्तै नेकपा माओवादीबाट रुकुम पश्चिम प्रदेश सभा 'ख' बाट निर्वाचित भएका र संसदीय नेतामा दावी गरिरहेको राजकुमार शर्माले दलको नेता बन्न माओवादी कर्णालीका १३ जना सांसदको अधिकार भएको भन्दै पार्टीले गरेको निर्णयलाई सिरोपर गर्ने बताए। जनमुक्ति सेना निर्माण, विगतमा प्रदेशको पार्टीको नेतृत्व र पार्टीमा आफ्नो योगदान महत्वपुर्ण भएको भन्दै पार्टीले आफुलाई दलको नेता बनाउनेमा विश्वस्त रहेको शर्माले बताए।

यता दलको नेताका आकांक्षी रहेका विन्दमान विष्टले दलको नेताका लागि योग्य भएको भन्दै पार्टीले दिएको जुन सुकै जिम्मेवारी पनी सम्हाल्न तयार रहेको बताए। पहिला पनि प्रदेश सभा सदस्य तथा अर्थमन्त्री भइसकेको कारणले दलको नेतामा योग्य भएको र बाँकी कुराको निर्णय पार्टीले गर्ने उनको भनाई रहेको छ। दलको प्रमुख सचेतक तथा सचेतक नियुक्त गर्ने तथा मुख्य मन्त्रीको जिम्मेवारी सम्हाल्ने अधिकार संसदीय दलको नेता भएको कारण दलको नेतामा आकर्षण बढेको देखिन्छ। संसदमा हुने संसदीय गतिविधिमा संसदीय दलको नेताको निर्देशनमा प्रमुख सचेतक वा सचेतकले दलभित्र सदस्यहरूलाई परिचालन गर्ने जिम्मेवारी पनि दलकै नेताको हुने गर्दछ।

# चिसोले कठ्यांग्रिएर २ जनाको मृत्यु

एस. पी. गौरब/मध्यान्ह
सर्लाही, ४ पुस

सर्लाहीको हरिपुर नगरपालिका ९ पिडारीमा चिसोले कठ्यांग्रिएर २ साताको अवधिमा २ जनाको मृत्यु भएको छ। हरिपुर नगरपालिका-९ पिडारीका ४० वर्षीय रमेश माझी र हरिपुर नगरपालिका ६ लक्ष्मीपुर कोद्राहका ६५ वर्षीय रामभगत माझीको चिसोले कठ्यांग्रिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। ज्याला मजदुरीको काम गर्ने पिडारीका रमेश मंसिर २४ गते धान काट्ने काम गरेर घर आएपछि पराल ओछ्याएर सुतेकोमा त्यहीँ चिसोले कठ्यांग्रिएर ज्यान गएको पीडित परिवारले जनाएका छन्।

केही वर्षअघि जनता आवास कार्यक्रम अन्तर्गत प्रदेश सरकारले जस्ताले छाएको २ कोठे घर निर्माण गरिदिएको थियो। २ वटा कोठामध्ये एउटा कोठा दाई मोती माझी र अर्को कोठा रमेशले अंशवण्डा गरेका थिए। एउटै कोठामा मृतक रमेश, उनकी श्रीमती चन्दु माझी, जेठो छोरा पंकज र बुहारी आँचल र कान्छो छोरा कृष्णनन्दनसहित ५ जना बस्दै आएका थिए। किरियापुत्री बसेका कान्छो छोरा १६ वर्षीय कृष्णनन्दन माझीले ओढनेओछ्याउने नभएकाले भुइँमा पराल ओछ्याएर सुत्दा बुवाको त्यही कठ्यांग्रिएर ज्यान गएको बताए। स्थानीय मुसहरहरुको पनि लगाउने न्यानो कपडा र ओढनेओछयाउने नहुँदा समस्या रहेको हरिपुर नगरपालिका ९ पिडारीका वडाध्यक्ष विश्वनाथ रायले बताए।

हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

# राष्ट्रिय सडक सञ्जालमा अझैं जोडिएन हुम्ला



कर्णाली प्रदेशको दुर्गम हिमाली जिल्ला हुम्ला राष्ट्रिय सडक सञ्जालमा पूर्णरुपमा अझैं जोडिएको छैन। राष्ट्रिय सडक सञ्जालबाट वञ्चित हुम्ला मगु जिल्लासँग सडक जोडिएको भएपनि हुम्ला जिल्लासँग भने पूर्णरुपमा राष्ट्रिय सडक सञ्चालमा जोडिएको छैन्।

हुम्ला जोडिन अझै मध्य क्षेत्र सर्केगाड गाउँपालिकाको सलिसल्लबाट जिल्ला सदरमुकाम सिमकोटसम्म जोडिन ५१ किलोमिटर बाँकी नै छ। बेलायत सरकारको सहयोगमा निर्माण भएको मुगुको गमगढीदेखि हुम्लाको मध्य क्षेत्रमा पर्ने चँखेली गाउँपालिका जोड्ने ६७ किलोमिटर सडक निर्माण कार्य पूरा भएर कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ।

हुम्लाका सलिसल्लादेखि हुम्ला सदरमुकाम काम सिमकोट आवत-जावत गर्दा दुईदेखि तीन दिन लाग्ने गर्दछ। यस्तै सिमकोट गाउँपालिका वर्ष ८० का च्याम्पा सिंह लामाले भने जिल्लामा गाडी कहिले पुग्ला हेर्ने आशामा भएको बताए। उनका अनुसार जिल्लामा राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुँदा जिल्ला बाहिर जानुपर्दा हवाई मार्गको मुख ताक्नुपर्ने बताए। अनले पुनले भने अहिले आउने सरकार राम्रो बनेपछि हुम्ला दुई देखि तीन वर्ष अझैं लाग्ने बताए। अर्का सिमकोट गाउँपालिका वडा ७ का बलबहादुर शाहीले पहिलेको कर्णाली प्रदेश सरकारले प्रदेशमा विकासका काम राम्रो गरेकोले अब आउने सरकार दोस्रो पटक दोहोरिए अझैं विकासे काम अगाडि बढ्ने बताए। उनका अनुसार कर्णाली प्रदेशका मुख्यमन्त्री जीवन बहादुर शाहीले भनेको जस्तै ठेकदार र उपभोक्ता समिति पैसामुखी नभएर विकासमुखी भए हुम्लामा राष्ट्रिय सडक सञ्जालमा जोडिन समय नलाग्ने बताए।

# मोटर बाटोलाई लिएर विवाद

हुम्लामा मोटर बाटोलाई लिएर पूर्वाधार विकास कार्यालयमा विवाद आएको छ।

जिल्लाको विकासमा काम गर्दै आएको पूर्वाधार विकास कार्यालयमा कतै भुक्तानी दिँदा काम नहुने कतै काम नभएर भुक्तानी दिने जस्ता विषयमा विवाद आएको हो। नाम्खा गाउँपालिका याङगार खोलामा मोटर बाटो हिँड्ने पुलको सम्झौता भएर ४१ लाख रुपैयाँ अग्रिम भुक्तानी लिएपनि काम नभएको विषयको विवाद समाधान नहुँदै सिमकोट गाउँपालिका वडा १ को सडकको भुक्तानी लिएर काम नगरेको विषयमा पूर्वाधार विकास कार्यालय हुम्लामा सोमबार निवेदन समेत परेको छ। खार्पुनाथ चुवाँखोला सडक खण्डको दुई वर्ष अगाडि ठेक्कामार्फत काम सञ्चालन भएको थियो। खार्पुखण्ड, ग्याग्रु र भित्र गौंडा जस्ता सजिलो स्थानमा काम मात्र गरेको सिमकोट गाउँपालिका वडा १ निवेदक लुण्डुप लामाले बताए। निवेदक लामाले भने, 'भित्र गौंडा र ग्याग्रु बीचको सानो भित्तर गौंडाको काम गर्न आग्रह गर्दा काम सम्पन्न भयो तर ठेक्दारले भनेपछि निवेदन दिएको हो।' उक्त सडकमा पर्ने साने भित्त गौंडाको काम कसले गर्ने हो ?, यसको निर्णय गरिदिने भनि निवेदकमा उल्लेख गरिएको छ। खार्पुदेखि ग्याग्रुसम्म सडक निर्माण छिटो गर्न निवेदनमा भनिएको छ। निवेदकमा सिमकोट गाउपालीका वडा १ का १५ जनाको नाम समावेश गरिएको छ।

## प्रदेशप्रति...

खर्च बढेको देखिन्छ। तरपनि, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड लगायतका केही शीर्षस्थ नेताहरु भने संघीयतालाई बलियो बनाउनुको विकल्प नरहेको बताउँदै आएका छन्।

संविधानले संघ, प्रदेश र स्थानीय सहित तीन तहको सरकारको व्यवस्था गरेको छ। तीनै तहका सरकारको एकल र साझा अधिकारको सूची पनि संविधानले नै तोकेको छ। संविधानको अनुसूची ५ मा संघका ३५ अधिकारको सूची दिइएको छ भने अनुसूची ६ मा प्रदेशका २१ अधिकारको सूची छ। तर, संघीयताको मर्म विपरित सत्तामा हानथाप गर्न र सक्दो फाइदा उठाउन मात्रै प्रमुख राजनीतिक दलहरू ब्यस्त हुँदा संघीयतालाई झन्झटिलो व्यवस्थाका रुपमा मात्रै चर्चा गर्न थालिएको छ। तरपनि, राजनीतिक दलका नेताहरु संघीयताबाट व्यक्तिगत फाईदा लिनेतर्फ मात्रै केन्द्रित देखिएका छन्।

## सरकार...

शपथको मिति तय गरिएको छ। त्यसभन्दा अगावै शपथ लिनुपर्छ। जेष्ठ सदस्यले राष्ट्रपतिसँग शपथ लिएर अन्य सांसदहरुलाई शपथ खुवाउँछन्। राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ सरकार गठनका लागि आह्वान गरेकी छन्। त्यस अनुसार यही पुस १० गतेभित्र सरकार बन्नेछ। नयाँ सरकार बन्नु अगावै संसद सचिवालयले सांसदहरुको शपथ कार्यक्रम राखिएको हो।

सरकार बन्नु अगावै सांसदहरुको शपथ हुने भए पछि प्रतिनिधिसभा सदस्यको शपथ पहिले कि प्रधानमन्त्रीको भन्ने विवाद अन्त्य भएको छ। नेपालको संविधानअनुसार प्रधानमन्त्री बन्न 'प्रतिनिधिसभाको सदस्य' अनिवार्य हुनुपर्छ। संविधानको धारा ७६ को कुनै पनि धारा अनुसार प्रधानमन्त्री बन्न प्रतिनिसभाको सदस्य हुनुपर्ने व्यवस्था गरेको छ भने धारा ७७ ले 'प्रतिनिधिसभाको सदस्य नरहेको' अवस्थामा प्रधानमन्त्री स्वतः पदमुक्त हुने व्यवस्था गरेको छ।

प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण नै नगरी २०७४ सालमा केपी शर्मा ओलीले संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीको नियुक्ति लिएपछि यो विवाद भएको थियो। उक्त धाराले दुई वा दुई भन्दा बढी दलको समर्थन प्राप्त गर्न सक्ने 'प्रतिनिधिसभाको सदस्य' प्रधानमन्त्री हुने व्यवस्था गरेको छ। निर्वाचित भएपछि औपचारिक रुपमा शपथ ग्रहण गरेपछि मात्रै 'प्रतिनिधिसभाको सदस्य' हुने प्रक्रियाले पूर्णता पाउँछ। तर, २०७४ साल फागुन २ गते निर्वाचन आयोगले राष्ट्रपति समक्ष चुनावको प्रतिवेदन बुझाएपछि भोलिपल्ट माओवादी केन्द्रको समेत समर्थनमा ओलीले धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा दाबी गरेर नियुक्ति लिएका थिए। सांसदको शपथ ग्रहण भने फागुन २० गते मात्रै भएको थियो।

सांसदको रुपमा औपचारिकता पूरा नै नगरी त्यसरी प्रधानमन्त्री नियुक्त हुनु संविधान विपरीत रहेको भनी विगतमा भएको आलोचना यसपटक नहुने भएको छ। अर्थात, विगतको गल्ति सुध्रिने स्थिति देखा परेको कतिपयको टिप्पणी छ। सांसदका रुपमा शपथ नै नगरी प्रधानमन्त्री नियुक्त गर्ने कुरालाई त्यतिबेला कांग्रेसले मसिनो स्वरमा विरोध जनाएको थियो। अहिले चुनावबाट पहिलो दल बनेर भावी सरकारको नेतृत्वसमेत गर्ने तयारीमा रहेको कांग्रेस आफूले त्यसबेला व्यक्त गरेको विचारमा अड्न सांसदको शपथ ग्रहण गरेर मात्रै प्रधानमन्त्री दाबी गर्ने निष्कर्षमा पुगेको थियो। काम चलाउन हैसियतमा रहेको शेरबहादुर देउवा नेतृत्वको सरकारकै अग्रसरतामा बिहीबारका लागि शपथ तय भएको संसद सचिवालयका पदाधिकारी बताउँछन्।

यसपटक प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व छ। राष्ट्रिय दलका रुपमा कांग्रेस, एमाले, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टी छन्। थ्रेस होल्ड कटाउन नसकेका एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को पनि प्रतिनिधिसभामा प्रतिनिधित्व छ। कांग्रेसका ८९, नेकपा एमालेका ७८, नेकपा माओवादी केन्द्रका ३२, नेकपा एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टी (जसपा) का १२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १४ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २० सांसद छन्। स्वतन्त्र सांसदहरुमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन्।

## संघको ..

अध्यक्ष राजेन्द्र भण्डारीले मध्यान्हलाई बताए। तराई मधेस, स्वतन्त्र व्यवसायी, विभिन्न घटकसंस्था, अग्रज व्यवसायी सबैसँग घनिभूत छलफल भइरहेको भन्दै अध्यक्ष भण्डारीले उम्मेदवारको सूची मंगलबार तयार हुने बताए।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जी दिमदोङले विगतमा पनि एक खालको गठबन्धनको स्वरुप तयार गरिएको र सम्मानजनक प्रतिनिधित्वको आधारमा सोही गठबन्धन चुनावमा जानुपर्ने बताए।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालले गठबन्धनको अवधारणासहित उम्मेदवार प्रस्ताव गरेको छ। संगठनको निर्वाचन परिचालन समितिका संयोजक कमल सापकोटाले उक्त संगठनले अध्यक्षमा दाबी नगरी अन्य पदमा तालमेल गरी उम्मेदवार उठाउनु पर्ने अवधारणा ल्याएको बताए।

संगठनले प्रथम उपाध्यक्षमा इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.का वाई.बी. राई या न्यु वर्ल्ड ओभरसिज प्रा.लिका तिला काप्रीमध्ये एक, द्वितीय उपाध्यक्षमा जब स्पोर्ट प्रा.लि.का अर्जुन सापकोटा, तृतीय उपाध्यक्षमा इलान इन्टरनेशनल प्रा.लि.का चन्द्रजंग पाण्डे र महासचिवमा इम्प्लोइमेन्ट प्रा.लि.का मधुकर रिजाल र माउन्ट कञ्चन इन्टरनेशनल प्रा.लि.का सुरज घुण्डे गुरुङ मध्ये एक जनालाई उम्मेदवार बनाउन चाहेको छ। माथिल्ला पदहरुमा अन्य व्यबसायीहरुपनि आकांक्षी रहेको सापकोटाले बताए।

त्यसैगरी सचिवमा पर्फेक्ट डेष्टिनेसन प्रा.लि.का मोहन स्याङ्वा र कन्फिडेन्ट इन्टरनेशनल प्रा.लि.का अनिल बोगटी मध्ये एक, कोषाध्यक्षमा आसिन ओभरसिज प्रा.लि.की सरस्वती सुवेदी र मिथिला ओभरसिज प्रा.लि.की अञ्जुला कुमारी यादव मध्ये एक उम्मेदवार हुने सापकोटाले बताए।

संगठनका तर्फबाट सदस्यमा अजम्बरी ओभरसिज प्रा.लि.का टक्कर पाखिन, अनमोल ओभरसिज प्रा.लि.का निरज ज्ञवाली, नेपाल एच.आर सोलुसन प्रा.लि.का ब्रम्हदेव यादव, शेरमान ग्लोबल म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.का गणेश कुँवर, आयुष ओभरसिज प्रा.लि.का कामेश्वर साह (राहुल) शिवम् इन्टरनेशनल म्यानपावर प्रा.लि.का शिव बहादुर कुँवर, फ्युचर लिंक म्यानपावर प्रा.लि.का फिरोज खान, पर्सा ओभरसिज प्रा.लि.का अनन्त शर्मा, स्यारोन म्यानपावर प्रा.लि का सरोन कुसवाह र एसआर ग्रुप नेपाल प्रा.लि.का राधामोहन प्रसाद जैसवालको नाम सार्वजनिक गरेको छ।

## व्यास...

रिटर्नीको समस्या, उनीलाई स्वरोजगारसँग जोडी आत्मनिर्भर र उद्यमशील बनाउने काम सोही शाखाले गर्नेछ,' उनले भने।

युवालाई उद्यमशील बनाउन यस आर्थिक वर्षमा नगरपालिकाले रु ५० लाख विनियोजन गरेको उनले बताए। सामी कार्यक्रम प्रभावकारी र उपयोगी भएको जनाउँदै उनले यसलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिए।

'वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र ज्ञान उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' भन्ने नाराका साथ व्यास नगरपालिकाद्वारा आयोजित उक्त अन्तर्क्रियामा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले सीप नसिकी कोही पनि वैदेशिक रोजगारीमा जान नहुने बताए। 'सीप नसिकी, दक्षता हासिल नगरी, नबुझी विदेश जाने दाजुभाइले धेरै दुःख पाउनुभएको छ,' उनले भने, 'त्यसैले सीप सिकी दक्ष बनी विदेश जानुपर्दछ।'

सामी कार्यक्रमका गण्डकी प्रदेश संयोजक शैलेन्द्र मिश्रले वित्तीय व्यवस्थापन, सम्बन्धित देशको भाषा, मौसम तथा कानुनजस्ता विषयमा जानकारी, सही र भरपर्दो रोजगार व्यवसायीको छनोट, स्वास्थ्यसम्बन्धी सचेतना र पारिवारिक व्यवस्थापन गर्न आवश्यक रहेको बताए।

तनहुँका नौ सम्पर्कविहीन

वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएर लामो समयसम्म घरपरिवारसँग सम्पर्कमा नआउने गरेका छन्। घरपरिवारसँग धेरै वर्षसम्म सम्पर्कमा नआएका जिल्लाका नौ जना रहेको आप्रवासी कामदार हकहित संरक्षण केन्द्र तनहुँका अध्यक्ष दीपेन्द्र खनालले जानकारी दिए। वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएर घरपरिवारसँग लामो समयदेखि सम्पर्कविहीन भएका उनले बताए।

वैदेशिक रोजगारीमा गएको नौदेखि २० वर्षसम्मका रहेका जनाइएको छ। वैदेशिक रोजगारीमा मलेसिया गएदेखि २० वर्षसम्म ऋषिङ गाउँपालिका-७ का ओमप्रकाश परियार परिवारसँग सम्पर्कमा नआएका उनले बताए। त्यस्तै दुबई गएको १५ वर्षदेखि व्यास नगरपालिका-४ का सुरेन्द्र खनाल, मलेसिया गएको १५ वर्षदेखि म्याग्दे गाउँपालिका-१ का कृष्णबहादुर सिजाली मगर, मलेसिया गएको ११ वर्षदेखि व्यास नगरपालिका-९ का शंकर गैरे, मलेसिया गएको ११ वर्षदेखि म्याग्दे गाउँपालिका-२ का दिलबहादुर गुरुङ, मलेसिया गएको नौ वर्षदेखि म्याग्दे-५ का बमबहादुर गुरुङ, दुबई गएको नौ वर्षदेखि म्याग्दे-२ का सुदर्शन रानाभाट, व्यास -६ का शमशेर विक र भानु नगरपालिका-२ का पदमराज दाहाल हालसम्म घरपरिवारसँग सम्पर्कमा नआएको उनले जानकारी दिए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०५**

**निओलोजिअन एकेडेमी प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न एकल शेयरधीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रुबी भ्याली स्कुल प्रा.लि. (प्रा.लि.नं.: २८७३७)** कायम गर्ने गरी मिति २०७९/०९/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०५**

**शोरा फेशन प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निरा इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं.: १२४४४८)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

आखु इन्टरप्राइजेज प्रा.लि.को मिति २०७९।०२।११ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी आखु इन्टरप्राइजेज प्रा.लि. (Ankhu Enterprises Pvt.Ltd.) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७९।०८।२६ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**आखु इन्टरप्राइजेज प्रा.लि.**
**नागार्जुन न.पा -०१, काठमाण्डौ , नेपाल।**

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय**
**चन्द्रनिगाहपुर, रौतहट**

**३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०७९/०९/०५)**

यसमा मेरो बाबु जिल्ला रौतहट गा.वि.स. रमौली वैरिया वडा नं. ३ हाल वृन्दावन नगरपालिका वडा नं. १ मा बस्ने सियाराम सहनीको छोरा राम एकवाल सहनीको नाउमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गरिपाउ भनि जिल्ला सर्लाही गा.वि.स. हजरिया वडा नं. ४ हाल बरहथवा नगरपालिका वडा नं. १ मा स्थाइ बसोबास गरिरहेको अनौठा सहनीको पत्नी रम्भा कुमारीले द.नं. ८४७ मिति २०७९।०५।०६ ले निवेदन पेश भएको तथा बरहथवा न.पा. १ नं. वडा कार्यालयको च.नं. २७७ मिति २०७९।०५।१३ को सिफारिस पत्रानुसार तपसिलमा उल्लेखित जग्गाको जग्गा धनी जिल्ला रौतहट गा.वि.स. रमौली वैरिया वडा नं. ३ हाल वृन्दावन नगरपालिका वडा नं. १ मा बस्ने सियाराम सहनीको छोरा राम एकवाल सहनीको आफ्नो कालगतिले मिति २०७८।०५।२२मा परलोक भएपछि निजको शेषपछिको हकदार निजको एकमात्र पत्नी सुरतिया देवी पति भन्दा अगावै मिति २०५३।१२।३० मा आफ्नो कालगतिले परलोक भइसकेकोले त्यस पछिको हकदार कुनै छोरा नरहेकोले त्यसपछिको हकदार एक मात्र विवाहित छोरी जिल्ला सर्लाही गा.वि.स. हजरिया वडा नं. ४ हाल बरहथवा नगरपालिका वडा नं. १ मा स्थाइ बसोबास गरिरहेको अनौठा सहनीको पत्नी रम्भा कुमारीको नाउमा एकलौटी नामसारी हुन भनी सिफारिस भइ आएकोमा निज मृतकको कुनै छोरा छ छैन ? अविवाहिता छोरीहरु छन की ? अन्य कुनै हकदार छ छैन ? निवेदकको नाउमा एकलौटी नामसारी भै गए कसैको अंश हकमा असर पर्छ की ? सो सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा आफ्नो हक पुग्ने व्यक्तिले प्रमाण सहित निज आफै वा वारिस मार्फत यस कार्यालयमा उपस्थित भइ निवेदन दिनुहोला अन्यथा नियमानुसार नामसारी भैजाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|
| रमौली | १ | ६३७ | ०–३–० | राम एकवाल सहनी (ना.प्र.नं. ७३००/२०३५ । २ । ४रौ |
| रमौली | १ | ६४१ | ०–१–२–३ | राम एकवाल सहनी (ना.प्र.नं. ७३००/२०३५ । २ । ४रौ |
| रमौली | २ क | ६४३ | ०–०–१५–९ | राम एकवाल सहनी (ना.प्र.नं. ७३००/२०३५ । २ । ४रौ |
| रमौली | ३ क | ५५७ | ०–०–१४–६ | राम एकवाल सहनी (ना.प्र.नं. ७३००/२०३५ । २ । ४रौ |
| रमौली | ३ क | ५६० | ०–१–५–९ | राम एकवाल सहनी (ना.प्र.नं. ७३००/२०३५ । २ । ४रौ |

# नारायणगढ–मुग्लिन सडक आजदेखि दिउँसो बन्द

**चितवन/मस–** नारायणगढ-मुग्लिन सडकखण्डमा मङ्गलबारदेखि दैनिक चार घण्टा सवारी आवागमन रोकिने भएको छ । सडकखण्डमा पर्ने पुलको निर्माणका लागि भित्तो काट्नुपर्ने भएकाले सवारी रोक्न लागिएको हो ।

एक महिनाका लागि सडक रोकेर काम गर्न लागिएको हो । सडक बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म रोकिने छ । भौगोलिकरूपमा कठिन ठाउँमा रहेका सिमलताल, कालीखोला, तुइन खोला र चिसेन्जी खोला पुल निर्माणका लागि पहाड काट्नेलगायतका कामका लागि सवारी आवागमन रोक्न लागिएको हो ।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका अनुसार नारायणगढतर्फबाट जाने यात्रुबाहक बस, मिनिबस, माइक्रो बस, साना सवारीसाधनलाई पन्ध्र किलो बजारदेखि जुगेडीसम्म बिहान ११ बजे रोक्न लागिएको हो । मालवाहक ट्रक, लरी, ट्रेलर, टिपर, ट्याङ्करलगायत भारी सवार ीसाधनलाई भतेरी जङ्गलदेखि रामनगरसम्म बिहान १०:५० बजेदेखि रोकिने छ ।

काठमाडौँतर्फबाट आउने यात्रुबाहक सवारीलाई मुग्लिन बजारदेखि मनकामना केवलकार गेटसम्म र पोखरातर्फबाट आउने यात्रुबाहक सवारीसाधनलाई बेनीटारदेखि पावर हाउससम्म बिहान १०:५५ बजे रोकिने छ । काठमाडौँतर्फबाट आउने मालवाहक सवारीलाई लेबाटारमा र पोखरातर्फबाट आउनेलाई मालवाहक सवारीलाई आँबुखैरहनीमा बिहान १०:४५ बजे रोकिने छ ।



बिहान ११ बजेदेखि ३ बजेसम्मको समयमा एम्बुलेन्स, दमकललगायतका अत्यावश्यकीय सवारीलाई अनुकूलता हेरी छोड्ने छ । पोखरा-काठमाडौँ सञ्चालन हुने सवारीलाई सहज सञ्चालका लागि ट्राफिक कार्यालयले समन्वय गर्नेछ । निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यवसायीले पर्याप्त साधनस्रोत र जनशक्ति परिचालन गर्नेछन् । सडकखण्डको ठाउँठाउँमा मर्मतको कार्य पनि यसै समयमा गरिने छ ।

नारायणगढ-मुग्लिन सडकखण्डमा २० पुल रहेका छन् । तीमध्ये पाँच पुल बनिसकेका छन् । बाँकी पुल बन्ने चरणमा रहेका छन् । आगामी असारसम्ममा १० पुल निर्माण सक्ने गरी कामअघि बढाइएको नागढुङ्गा मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का आयोजना प्रमुख किरण कार्कीले जानकारी दिए । विसं २०७६ चैत १० गते ३३ महिनामा पुल सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । यही पुस ९ गते सम्झौताको अवधि सकिँदै छ ।

विश्व बैंकको ऋण सहयोगमा पुल निर्माण गर्न लागिएको हो । असारसम्ममा १३ पुल सम्पन्न गर्ने गरी काम भइरहेको उनले बताए । तीमध्ये सेती दोभान, डुम्रे, तोपे, लामो बालुवा र खहरे दुई वटा पुल तीन महिनाभित्रमा सम्पन्न हुने कार्कीको भनाइ छ ।

तुइन र जुगेडी पुललाई थप केही समय लाग्ने उनले जानकारी दिए । सो सडक विस्तारको कामसँगै साँघुरा पुल भएका ठाउँमा नयाँ पुल निर्माण गर्न लागिएको हो । हाल सो सडक नौदेखि ११ मिटर फराकिलो छ । ती पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको छ । प्याकेज-१ मा मुग्लिनबाट यताका खहरे, चिम्पान्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धीखोला गरी सात पुल छन् । प्याकेज-२ मा जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोल गरी आठ पुल छन् ।

प्याकेज-१ को कूल ठेक्का रकम रु ६७ करोड ९९ लाख छ । दोस्रो प्याकेजको कूल ठेक्का रकम ५९ करोड पाँच लाख छ । विश्व बैंकको सहयोगमा पुल बनाउन लागिएको हो । दुवै ठेक्काको काम अनक कन्स्ट्रक्सनले गरिरहेको छ । पुलको गाडी हिँड्ने ठाउँ सात दशमलव पाँच मिटर फराकिलो हुनेछ । दुवैपट्टि एक दशमलव पाँच मिटर फराकिलो फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ । पुल बनाउने ठाउँमा ठाडो कडा पहाड काट्नुपर्ने भएकाले सडक बन्द गरेर काम गर्नुपरेको कार्की बताउँछन् ।

# अपांगतामैत्री विपद् नीति बनाउन आवश्यक

**काठमाडौं/मस–** विपद्पूर्व, विपद्को समय र विपद् पछिका तीनै चरणका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि दृष्टिगत गरी सूचना, नीति तथा कार्यक्रमहरु बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजनामा सोमबार काठमाडौंमा भएको 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरुको समवेशीकरण तथा सहभागिता' विषयक अन्तरक्रियाका वक्ताहरूले विपद्बाट सबैभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुने भन्दै उनीहरूको सुरक्षाका लागि पनि प्रभावकारी कार्यक्रम बनाउनुपर्नेमा वक्ताको जोड थियो ।




उक्त कार्यक्रममा प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिका समवेशीकरण तथा सहभागिताका लागि प्राधिकरणका तर्फबाट मानक निर्देशिकाहरू तयार गरी त्यसलाई स्थानीयकरण गर्ने कार्य भइरहेको जानकारी दिए ।

अपाङ्गता भएका व्यक्तिका लागि पानी तथा सरसफाइमा पहुँचयोग्य अवस्थाका बारेमा आर्किटेक्ट दीपक केसीले विश्वका विभिन्न देशका उदाहरणसहित प्रस्तुतीकरण गरे । उनले अपाङ्गता भएका व्यक्तिको दैनिक जनजीवन सहज बनाउन मात्र नभएर आत्मसम्मानका लागि पनि पहुँचयोग्य संरचनाको आवश्यकता पर्ने बताए । केसी स्वयम् अपाङ्गता भएका व्यक्ति हुन् । प्राधिकरणका सहसचिव रोशनीकुमारी श्रेष्ठले प्राधिकरणबाट भएका कार्यहरू, निर्माण भएका तथा भइरहेका कार्यविधि एवं निर्देशिका तथा अन्य नीतिगत व्यवस्थाबारे जानकारी दिए ।

राष्ट्रिय अपाङ्ग महासंघका सचिव सिर्जना केसीले बहुअपाङ्गतालाई पनि ध्यानमा राखेर भवनसंहिता तथा सहयोगी सामग्रीको निर्माण गर्नुपर्ने आवश्यकता औँल्याइन् । उनले विपद्बारेको सूचना नै अपाङ्गता भएका व्यक्तिसम्म नपुगेको भन्दै यसतर्फ प्राधिकरणको ध्यानाकर्षण गराइन् ।

कार्यक्रमका सहभागीहरूले धेरै प्रकारका अपाङ्गता हुने र उनीहरूका समस्या र आवश्यकता पनि फरकफरक हुने भएकाले सबैलाई एउटै बास्केटमा हालेर नहेर्न पनि आग्रह गरेका थिए । उनहरूले विपद्पछि स्थापना गरिने आश्रयस्थलहरू अपाङ्गतामैत्री नहुने र राहतमा उनीहरूको पहुँच पुग्न नसकेकोतर्फ पनि ध्यानाकर्षण गराएका थिए । विपद्का सूचना दिने उपकरणहरू अपाङ्गतामैत्री बनाउन पनि उनीहरूले आग्रह गरेका थिए । कार्यक्रममा राष्ट्रिय अपाङ्ग कोष, राष्ट्रिय अपाङ्ग महासंघलगायत विभिन्न अपाङ्गतासँग सम्बद्ध संघसंस्थाहरू एवं अपाङ्गता क्षेत्रमा काम गरिरहेका विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिको उपस्थिति थियो ।

# राजपुरमा निःशुल्क परिवार नियोजन शिविर

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ४ पुस

राजपुर नगरपालिकामा तीन दिने निःशुल्क परिवार नियोजन शिविर शुरु भएको छ । राजपुरका नगर प्रमुख डा. मोहमद राजिक आलम र कार्यालय प्रमुख बैजु ठाकुरले संयुक्त रुपमा सोमबार शिविरको उद्घाटन गरेका हुन् । शिविर बुधबारसम्म चल्नेछ । सन्तानको रहर पुगेका महिला तथा पुरुषहरुले निःशुल्क परिवार नियोजन (बन्ध्याकरण) गराउन सक्नेछन् ।



नगर प्रमुख डा. आलमको पहलमा प्राथमिक स्वास्थ्य केन्द्र राजपुर फरहदवामा शिविर शुरु भएको छ । उद्घाटन कार्यक्रममा नगर प्रमुख आलम, प्रमुख प्रशासकीय अधिकृत ठाकुर, स्वास्थ्य शाखा प्रमुख तथा प्रशासन शाखा प्रमुख खुर्शैद आलम, प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख मो. खुर्शिद अहमदलगायत अन्य स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

**साउदीमा रोजगार** | कम्पनी : **FACILITIES MANAGEMENT COMPANY (FMCO)**
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७९/०९/०४ चलानी नं.: ६०१९३५०६ L.T. No.: 277928

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office & Facility Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ पुस १२ गते (27 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा खर्च कसले गर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम खर्च कसले गर्ने | हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने | भिषा स्टयाम्पीङ शुल्क कसले दिने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले दिने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mechi International Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np
Gov. Lic No. 1313/074/075

**साउदीमा रोजगारको अवसर** | कम्पनी: **RASHAQA FOOD CORPORATION FOR SUBSISTENCE SERVICES**
शहर : RIYADH

पूर्व स्वीकृत मितिः२०७९/०९/०४ चलानी नं.: ६०१९३५०३ LT. No.: 277938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 2500 | ८७,९५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1500 | ५२,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १२ गते (27 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com
श्रम इजाजत नं. ५३०/०६१/०६२

**साउदीमा रोजगार** | १. कम्पनी: **EARTH MOVING EST.FOR EQUIPMENT RENTAL**

पूर्व स्वीकृत मितिः २०७९/०९/०४ चलानी नं.: ६०१९३५०८ LT. No.: 277973

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Public Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,३२४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Pan Road Machinery Driver | 3 | 0 | | 2100 | ७३,८७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ पुस १२ गते (27 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Sinamangal-09, Kathmandu, Nepal. Tel:+977-01-4478566, 4478866
Email: continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np
Gov. Lic No. 190/057/058

## Kachankawal Rural Municipality
## Office of The Rural Municipal Executive
**Baniyani, Jhapa**
**1 No. Province, Nepal**

### Invitation for e-Bids

**Date of Publication: 05th Poush 2079 (20th December 2022)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures

| Name of Project | Contract Identification No | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Estimated Amount (Exclusive of VAT & Contingencies) | Last date of Bid Submission |
|---|---|---|---|---|---|
| Construction of Compound Wall and Entrance Gate at Kachankawal Rural Municipality | NCB/WORKS/ KACHANKAWAL/ CWEG/03/079-80 | 80,000.00 | 3000.00 | 31,26,151.39 | 2079/10/05 (19th Jan 2023) |

1. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kachankawal Rural Municipality, Baniyani, Jhapa, 1 No. Province Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee mentioned above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of Bank** | : | **NIC Asia Bank Ltd., Kachankawal Branch** |
| **Name of Office** | : | **Kachankawal Rural Municipality, Baniyani, Jhapa** |
| **Office Code No.** | : | **80112501300** |
| **Rajaswa Khata No.** | : | **0672050029136002** |
| **Revenue Code Number** | : | **14529** |

3. Electronic bids must be submitted to the office of Kachankawl Rural Municipality, Office of Rural Municipal Executive through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 2079/10/05 (19th Jan 2023). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 2079/10/05 (19th Jan 2023) for NCB at the office of Kachankawal Rural Municipality, Baniyani, Jhapa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amount mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.

   **Dharauti Khata No. : 67CA051019752404**
5. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
6. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidder's Participation in not more than five (5) bidding process since 2078-12-03 i.e. March 17, 2022 as described in ITB.
8. Other related rules and regulation are as per Public Procurement Act, 2063, and Public Procurement Regulation, 2064.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**
**Kanchankawal Rural Municipality**

मध्यान्ह
www.madhyanhadaily.com
५ पुस २०७९, मंगलबार
20 December 2022, Tuesday

## सम्पादकीय

### स्वागतयोग्य कदम

नयाँ सरकार गठन अगावै नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ हुने भएको छ । विगतमा प्रधानमन्त्री भइसकेपछि प्रतिनिधिसभा सदस्यको शपथ खान जाने प्रवृत्ति यसपटक सच्चिने भएको छ । यो सकारात्मक कदम हो । २०७४ सालमा सांसदहरूको शपथ अगावै सरकार बनेको थियो । त्यसबेला प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण नै नगरी केपी शर्मा ओलीले संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीको नियुक्ति लिएका थिए । २०७४ साल फागुन २ गते निर्वाचन आयोगले राष्ट्रपति समक्ष चुनावको प्रतिवेदन बुझाएको थियो । भोलिपल्ट माओवादी केन्द्रको समेत समर्थनमा ओलीले धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा दाबी गरेर नियुक्ति लिएका थिए । सांसदको शपथ ग्रहण भने फागुन २० गते मात्रै भएको थियो ।

